निर्वाचन आयोग, नेपाल

# निर्वाचन आचारसंहिता अनुगमन अधिकृत

# प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

रूपन्देही

मितिः २०८२/११/१०

## राजनीतिक दल, उम्मेदवार, दलको भातृ संगठन तथा सम्वन्धित व्यक्तिले निर्वाचन आचारसंहिता पालना गर्ने गराउने सम्वन्धी सार्वजनिक सूचना।

यहि मिति २०८२/११/२१ गते विहिबारका दिन हुने प्रतिनिधि सभा सदस्य निर्वाचन,२०८२ अन्तर्गत यस रुपन्देही जिल्लामा हुने निर्वाचन कार्यक्रमलाई स्वतन्त्र, स्वच्छ, पारदर्शी, मितव्ययी, भयरहित र विश्वसनीय वातावरणमा सम्पन्न गर्ने गराउने सन्दर्भमा निर्वाचन आयोगबाट निर्वाचन आचारसंहिता, २०८२ कार्यान्वयनमा रहेको व्यहोरा विदितै छ। निर्वाचन आचारसंहिता, २०८२ बमोजिम मिति २०८२/११/०४ गते बाट निर्वाचन प्रचार प्रसारको समय शुरु भैसकेको सन्दर्भमा निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ (म) को उपदफा (१) बमोजिम जुलुस, आमसभा, कोणसभा गर्न उपदफा (२) बमोजिम सञ्चार माध्यममा कुनै प्रकारको सामग्री प्रकाशन वा प्रसारण गर्न उपदफा (३) बमोजिम निर्वाचन प्रचार प्रसारको लागि घरदैलो कार्यक्रम गर्नका लागि देहाय बमोजिम निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्ने गराउने व्यवस्था मिलाउनु हुन यस जिल्लाका सम्पूर्ण राजनीतिक दल, उम्मेदवार, दलका भातृ संगठन तथा सरोकारवाला सम्वन्धित सबै पक्षमा हार्दिक अनुरोध छ।

देहायः

१. निर्वाचन आचारसंहिता २०८२ को दफा १३ बमोजिम जुलुस, आमसभा, कोणेसभा वैठक भेला वा निर्वाचन प्रचार प्रसार सम्वन्धी कार्य गर्दा पालना गर्नुपर्ने आचरणहरुः

(क) जुलस, आमसभा, कोणसभा वा भेला गर्दा सभ्य र अनुशासित तरिकाले गर्नुपर्ने र कसैको घरको आसपास गई निज वा निजको परिवारको सदस्यको सम्वन्धमा विरोध वा प्रदर्शन गर्न नहुने,

(ख) स्थानीय प्रशासनको अनुमति नलिई सार्वजनिक स्थलमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा वा भेला गर्न नहुने,

(ग) जुलुस, आमसभा, कोणसभा वा भेला गर्नु अघि स्थानीय प्रशासन र प्रहरीलाई मिति, समय, मार्ग र स्थानको बारेमा कम्तिमा २४ घण्टा अगावै जानकारी गराउनु पर्ने,

(घ) जुलुस वा आमसभमा भाग लिने वा प्रचार प्रसार गर्ने व्यक्तिले, दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा झण्डा अंकित लोगो स्टीकर, कपडा, टोपी, क्याप, भेष्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, व्याच, मास्क वा लकेट जस्ता सामाग्रीहरु लगाउन नहुने र झोला बोक्न नहुने,

तर उम्मेदवारले खण्ड (ठ) बमोजिमको कागजमा आफ्नो तथा राजनीतिक दलको पहिचानको विवरण खुलाईएको पर्चा वितरण गर्न बाधा पर्ने छैन।

(ङ) कुनै राजनीतिक दल, उम्मेदवार वा दलको भातृ संगठनले आयोजना गरेको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा अन्य कार्यक्रम विथोल्न वा कुनै प्रकारको बाधा अवरोध पुर्याउन नहुने,

(च) एकभन्दा बढी राजनीतिक दल उम्मेदवार वा भातृ संगठनले एकै समयमा एउटै स्थानवा मार्गमा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्न नहुने र सो अवस्थामा स्थानीय प्रशासनले त्यस्तो कार्यक्रम गर्ने स्थल वा मार्ग परिवर्तन गर्न दिएको निर्देशनको पालना गर्नुपर्ने,

(छ) प्रचलित कानून वा स्थानीय प्रशासनले निषेध गरेको सामाग्री लिई जुलुस, आमसभा, कोणसभा, बैठक वा भेलामा प्रदर्शन वा प्रयोग गर्न नहुने,

(ज) कसैले निजी घरजग्गा वा सार्वजनिक भवन, उद्यान, सडकका भित्ता, पोल तथा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिन्ह, राख्न वा टास्न नहुने,

यस विपरित कुनै स्थानमा त्यस्तो सामग्री राखेको वा टाँसेको भएमा सम्वन्धित उम्मेदवारले राखेको मानी आवश्यक कारबाही हुनेछ।

(झ) विभिन्न क्लब, सामाजिक संस्था, धार्मिक समूह, आमा समूह, गैरसरकारी संस्था, आश्रम जस्ता संस्था वा कुनै व्यक्तिलाई नगद वा जिन्सी वितरण गर्न, अनुदान दिन, आर्थिक सहायता, चन्दा, पुरस्कार, निर्वाचन खर्च वा बुथ खर्च दिन वा दिने घोषणा गर्न नहुने,

(ञ) जुलुस, आमसभा, कोणसभा, भेला वा प्रचारप्रसारका कार्यक्रम गर्दा विहान ७ बजेदेखि बेलुका ७ बजेसम्म मात्र गर्नुपर्ने,

(ट) निर्वाचन प्रचारप्रसार आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने,

(ठ) निर्वाचन प्रयोजनका लागि ७५ ग्राम सम्मको कागजमा तिन सय वर्ग इन्च सम्मको क्षेत्रफल भएको आकारको एउटै रङ्ग र मुद्रकको नाम सहितको पर्चा मात्र प्रयोग गर्नुपर्ने,

(ड) उम्मेदवार वा दलको कार्यालयमा साईनबोर्ड तथा कपडामा बनाइएको ३*४ फिटको दलको झण्डा र सोही नापको चुनाव चिन्ह राख्न बाहेक दलको प्रचारप्रसार गर्ने उद्देश्यले कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न श्रब्यदृश्य सामाग्री बजाउन र श्रब्यदृश्य सामाग्री प्रदर्शन वा प्रसारण गर्न नहुने,

(ढ) उम्मेदवार वा दलले आफ्नो कार्यालय बाहेकका स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको चुनाव चिन्ह, कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न तथा श्रब्यदृश्य सामाग्री बजाउन र श्रब्यदृश्य सामग्रीहरु प्रदर्शन वा प्रशारण गर्न नहुने,

तर राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको जुलुस, आमसभा, कोणसभा, घरदैलो कार्यक्रममा खण्ड (ड) बमोजिमको आकारका दश वटा सम्म झण्डा र चुनाव चिन्ह प्रयोग गर्न तथा राजनीतिक दल तथा उम्मेदवारको नाम र चिन्ह भएको एउटा सम्म तुल वा फ्लेक्स राख्न बाधा पर्ने छैन।

(ण) प्रचार प्रसारका लागि घरदैलो कार्यक्रम गर्दा उम्मेदवार, प्रस्तावक, समर्थक सहित पच्चिस जना भन्दा बढीको जुलुस लिएर जान नहुने र यसरी जाँदा बाजागाजा तथा झाँकी सहित जान नहुने,

(त) अनलाइन वेवपेज, टिभी स्क्रोलिङ्ग, सपिङ्ग मलमा डिस्प्ले, कल सेन्टर सञ्चालन, बैङ्कका एटिएम काउन्टरमा सन्देश वा सडक नाटक आदि माध्यमबाट दलको वा उम्मेदवारको बारेमा प्रचारप्रसार गराउन नहुने,

तर राजनीतिक दल वा उम्मेदवारको बढीमा एउटा निजी र आधिकारिक बेबपेजमा त्यस्तो प्रचारप्रसार सामग्री राख्न बाधा पर्ने छैन।

(थ) दलको झण्डा, उम्मेदवारको चुनाव चिन्हको तोरण बनाई सार्वजनिक प्रदर्शन गर्न/गराउन नहुने,

(द) कुनै किसिमको भित्तेलेखन गर्न/गराउन, चारपाङ्ग्रे गाडी, मोटरसाइकल, साइकल, बयलगाडा, रिक्सा, टाँगा, ठेलागाडा लगायत सबै प्रकारका सवारीसाधन प्रयोग गरी र्‍याली आयोजना गर्न वा प्रचारप्रसार गराउन नहुने,

(ध) ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा अपाङ्गता भएको व्यक्तिहरुको भावना, इज्जत, चरित्र तथा प्रतिष्ठामा आँच आउन सक्ने प्रकारले कुनै पनि किसिमका प्रचारप्रसार गर्न गराउन नहुने,

(न) दल वा उम्मेदवारले जुलुस, आमसभा, कोणसभा, घरदैलो भेटघाट वा जुनसुकै प्रकारले र्‍याली गर्दा बढीमा दश वटा राष्ट्रिय झण्डा प्रयोग गर्न बाहेक निर्वाचन प्रचारप्रसार गर्दा राष्ट्रिय झण्डा प्रयोग गर्न गराउन नहुने,

(प) कुनै पनि धर्मको नाममा प्रचारप्रसार गराउन नहुने,

(फ) उम्मेदवार तथा निजको परिवारलाई कुनै पनि तवरबाट डर तथा धम्की दिन नहुने,

(ब) कुनै साम्प्रदायिक विद्वेष फैलाउने गरी प्रचार प्रसार गर्न वा मत माग्न नहुने,

(भ) निर्वाचन प्रचारप्रसारको लागि कोणसभा वा आमसभा गर्दा मञ्चको तयारीको लागि लागेको खर्च विवरण सम्वन्धित आफै वा आफ्नो प्रतिनिधि मार्फत मतदान सम्पन्न भएको मितिले पन्ध्र दिनभित्र सम्वन्धित निर्वाचन कार्यालयमा पेश गर्नुपर्ने,

(म) राजनीतिक दल वा उम्मेदवारले सवारी साधनको प्रयोग गरी एक जिल्लाबाट अर्को जिल्लामा मतदाता आसार पसार गर्न नहुने.

**२. निर्वाचन आचारसंहिता २०८२ को दफा १४ बमोजिम सवारी साधन प्रयोग गर्दा पालना गर्नुपर्ने आचरणहरु:**

(क) निर्वाचन अधिकृतको अनुमति लिइ उम्मेदवार भएको सम्वन्धित निर्वाचन क्षेत्र वा उम्मेदवार भएको स्थानमा आयोगले तोकेबमोजिम बढीमा दुईवटा दुईपाङ्ग्रे वा तीनपाङ्ग्रे वा चारपाङ्ग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन र त्यस्ता सवारी साधन नचल्ने ठाँउमा बढीमा चारवटा घोडा प्रयोग गर्न सक्ने तर विदेशी नम्वर प्लेटको सवारी साधनलाई त्यस्तो सुविधा दिईने छैन।

(ख) कुनै पदको निर्वाचन प्रचारप्रसारको लागि राजनीतिक दलले खण्ड (क) बमोजिमको प्रक्रिया पूरा गरी सोही बमोजिमको संख्या र प्रकारका सवारीसाधन मात्र प्रयोग गर्नुपर्ने,

(ग) खण्ड (क) र (ख) बमोजिम अनुमति प्राप्त गरेको सवारीसाधनको स्वरुप परिवर्तन गरी प्रयोग गर्न गराउन नहुने,

(घ) एउटा दल वा उम्मेदवारको नाममा अनुमति लिएको सवारीसाधन अन्य दल वा उम्मेदवारलाई प्रयोग गर्न दिन वा अन्य उम्मेदवारले प्रयोग गर्न नहुने,

(ङ) कुनै दल वा उम्मेदवारले अनुमति लिएको सवारीसाधन प्रयोग गरी मतदाता आसारपसार गर्न नहुने, तर हिडडुल गर्न नसक्ने गर्भवती महिला, सुत्केरी, साथमा आफ्नै बच्चा बोकेकी महिला, क्रियापुत्री, शारिरिक रुपले अशक्त वा अपाङ्गता भएका व्यक्ति हिडडुल गर्न नसक्ने, ज्येष्ठ नागरिक जस्ता मतदाताको लागि निर्वाचन अधिकृतले अनुमति दिएको सवारीसाधन प्रयोग गर्न बाधा पर्ने छैन।

(च) सम्वन्धित स्थान तोकी प्रयोग गर्ने गरी अनुमति लिएको सवारीसाधन अन्य स्थानमा प्रयोग गर्न नहुने,

(छ) राजनीतिक दलले प्रचारप्रसारका लागि आफ्नो तर्फबाट दुई जना मुख्य प्रचारकको नाम आयोगमा बुझाउनु पर्ने र आयोगले अनुमति दिएका मुख्य प्रचारकले मात्र हेलिकप्टर सेवा प्रयोग गर्न सक्ने,

तर कुनै मन्त्री वा स्थानीय कार्यपालिकाका पदाधिकारी मुख्य प्रचारक भएमा निजले दफा ५ को खण्ड (क) र (ख) मा उल्लिखित व्यवस्थाको पालना गर्नुपर्नेछ।

(ज) राजनीतिक दलले हेलिकप्टर सेवा प्रयोग गर्दा राजनीतिक दलको लागि आयोगले निर्धारण गरेको समानुपातिक निर्वाचन प्रणाली बमोजिम बन्दसूचिका उम्मेदवारको संख्याको आधारमा राजनीतिक दलले गर्न पाउने खर्चको सीमाभित्र रही गर्नुपर्ने,

(झ) खण्ड (क) बमोजिम अनुमति पाएको सवारी साधन बाहेक अन्य सवारी साधन प्रयोग गरी निर्वाचन प्रसार प्रसार गर्न वा प्रचार प्रसार सामग्री प्रदर्शन गर्न नहुने,

यस विपरीत अनुमति नलिएको सवारी साधन प्रयोग गरी प्रचारप्रसार गरेमा वा त्यस्तो सवारी साधनमा निर्वाचन प्रचार प्रसार सामग्री प्रदर्शन गरेमा सम्वन्धित स्थानको ट्राफिक प्रहरी वा अन्य सुरक्षाकर्मीले त्यस्तो सवारी साधन नियन्त्रणमा लिई सोको जानकारी जिल्ला आचारसंहिता अनुगमन समितिलाई गराउनेछ।

३. <u>**निर्वाचन आचारसंहिता २०८२ को दफा (१५) बमोजिम सञ्चारमाध्यमको प्रयोग गर्दा पालना गर्नुपर्ने आचरणहरु:**</u>

(क) राजनीतिक दलले टेलिभिजन, रेडियो वा एफ. एम. रेडियोको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा कम्तिमा एक घण्टाको अन्तरालमा चौबिस घण्टामा बढीमा चारपटक र एकपटकमा बढीमा एक मिनेट सम्म प्रसारण गराउन सक्ने र पत्रपत्रिकाको माध्यमबाट प्रचारप्रसार गर्दा प्रत्येक दिन बढीमा चार कोलम * पच्चिस सेन्टीमिटर उचाइ सम्मको आकारमा कुनै एउटा पत्रिकामा प्रचार सामग्री छपाउन सक्ने,

(ख) प्रतिनिधि सभा सदस्यको निर्वाचमा भाग लिने उम्मेदवारले टेलिभिजन, रेडियो वा एफ.एम रेडियोको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा चौबिस घण्टामा बढीमा चार पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने।

(ग) प्रतिनिधि सभा सदस्य पदको निर्वाचनमा भाग लिने उम्मेदवारले पत्रपत्रिकाको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा प्रत्येक दिन बढीमा चार कोलम पच्चिस सेन्टिमिटर उचाई (four column *Twenty Five cm Height) सम्मको आकारमा कुनै एउटा पत्रिकामा मात्र प्रचार सामग्री छपाउन सक्ने,

(२) राजनीतिक दल, उम्मेदवार तथा दलका भातृ संगठनले सूचना तथा प्रसारण विभागमा दर्ता भई प्रेस काउन्सील नेपालमा सूचीकृत भएका अनलाईन सञ्चार माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा देहायको आचरण गर्नुपर्नेछ :-

(क) राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचारप्रसार सम्वन्धी एक मिनेटसम्मको श्रव्यदृश्य सामग्री प्रसारण गराउन सक्ने,

(ख) राजनीतिक दलले अनलाइन सञ्चारमाध्यमबाट रोडब्लक, कन्टेन्टब्लक, होमपेज व्यानर, डिजिटल पेज व्यानर, बक्स विज्ञापन (समाचारको विचमा) को माध्यमबाट प्रचारप्रसार गराउन सक्ने,

(ग) खण्ड (क) वा (ख) बमोजिम अनलाइन सञ्चारमाध्यमबाट गरिने निर्वाचन प्रचारप्रसार सामग्रिमा सःशुल्क विज्ञापन भएको जनाउ दिनुपर्ने,

(घ) खण्ड (क) वा (ख) बमोजिम अनलाइन सञ्चारमाध्यमबाट गरिने निर्वाचन प्रचारप्रसार सामग्रिमा कसैप्रति गाली गलौज, मिथ्या सूचना, दुष्प्रचार, द्वेषपूर्ण अभिव्यक्ति समावेश हुन नहुने,

(ङ) राजनीतिक दल वा उम्मेदवारले अनलाइन सञ्चारमाध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा लागेको खर्चको विवरण प्रचलित कानून बमोजिम पेश गर्नुपर्ने निर्वाचन खर्च विवरणमा समावेश गर्नुपर्नेछ।

माथिको खण्डमा जुनसुकै कुरा लेखिएको भएतापनि विदेशी सञ्चारमाध्यमबाट निर्वाचन सम्वन्धी प्रचार सामग्री प्रकाशन वा प्रशारण गराउन पाइने छैन।

४. **निर्वाचन आचारसंहिता, २०८२ को दफा (१६) बमोजिम निर्वाचन खर्च सम्वन्धी पालना गर्नुपर्ने आचरणहरु:**

(क) उम्मेदवारले निर्वाचन सम्वन्धी खर्च गर्दा बैंक वा वित्तीय संस्थामा छुट्टै खाता खोली सोही खाताबाट कारोबार गर्नुपर्ने,

(ख) उम्मेदवारले निर्वाचन सम्वन्धी खर्च गर्दा निजको तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोक्नुपर्ने,

(ग) खण्ड (ख) बमोजिम तोकिएका पदाधिकारीको नामनामेसी सहितको विवरण निर्वाचन अधिकृतको कार्यालय तथा जिल्ला निर्वाचन कार्यालयमा जानकारी गराउनु पर्ने,

(घ) राजनीतिक दलले निर्वाचन सम्वन्धी खर्च गर्दा बैङ्क वा वित्तीय संस्थामा छुट्टै खाता खोली दलले तोकेको जिम्मेवार पदाधिकारीद्वारा सो खाताबाट खर्च गर्नुपर्ने,

(ङ) पच्चिस हजार रुपैयाभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैङ्क तथा वित्तीय संस्था मार्फत गर्नुपर्ने,

(च) व्यक्ति वा संस्थाबाट स्वेच्छिक सहयोगको रुपमा नगद लिएमा सो रकम वुझेको रसिद वा भरपाई दिई खण्ड (क) बमोजिम उम्मेदवारको वा खण्ड (घ) बमोजिम दलको बैङ्क खातामा जम्मा गर्नुपर्ने,

(छ) खण्ड (क) र (घ) बमोजिमको खर्चको विवरण तथा विल भरपाई राख्नुपर्ने,

(ज) आम्दानी तथा खर्चको विवरण प्रचलित कानून बमोजिम आयोगले तोकेको ढाँचामा जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोगमा बुझाउनुपर्ने,

(झ) आयोगले खर्चको विल भरपाई तथा बैङ्क वा वित्तीय संस्थामा रहेको खाताको विवरण पेश गर्न आदेश दिएमा सक्कल विल, भरपाई तथा बैङ्क तथा वित्तीय संस्थाको विवरण पेशगर्नुपर्ने,

(ञ) निर्वाचन खर्चको विवरण निर्वाचन सम्पन्न भएपछि सार्वजनिक गरी निर्वाचन सम्वन्धी प्रचलित कानूनले तोकेको अवधिभित्र निर्वाचन आयोग वा निर्वाचन कार्यालयमा पेशगर्नुपर्ने ।

यसै गरी निर्वाचन आचारसंहिता,२०८२ को बर्खिलाप हुने गरी गतिविधि सञ्चालन गरे गराएको पाइएमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिम रु १ लाख सम्म जरिवाना गर्न वा उम्मेदवारी रद्द समेत गर्न सकिने, निर्वाचन (कसूर तथा सजाय) ऐन २०७३ बमोजिम कारवाही हुन सक्ने कानुनी व्यवस्था रहेको व्यहोरा समेत आवश्यक जानकारीका लागि अनुरोध छ ।

यसर्थ, उल्लेखित निर्वाचन आचारसंहिता, २०८२ को पूर्ण रुपमा पालना गरी प्रतिनिधि सभा सदस्य निर्वाचन,२०८२ सफल, स्वच्छ, निष्पक्ष तथा भयरहित तबरबाट सम्पन्न गर्न तथा आचारसंहिता पालनामा नमूना तथा उदाहरणीय जिल्ला बनाउने कार्यमा यस जिल्लाका सम्पूर्ण राजनीतिक दल, उम्मेदवार, दलका भातृ संगठन तथा आम नागरिक, मतदाता एबम् सञ्चारकर्मी लगायत सम्बद्ध सबै सरोकालवालाहरु समक्ष हार्दिक अनुरोध गर्दै निरन्तर सहयोगको अपेक्षा गर्दछौ । निर्वाचन आचारसंहिता उल्लङ्घनका घटनाको उजुरी **सम्वन्धित मुख्य निर्वाचन अधिकृतको कार्यालय, जिल्ला आचारसंहिता अनुगमन समिति, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन आचार संहिता अनुगमन अधिकृतहरु, नजिकको नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलका एकाइहरु तथा कार्यालयमा र निर्वाचन आयोग** समक्ष लिखित, मौखिक, सामाजिक सञ्जाल, विद्युतीय माध्यमबाट उजुरी दिन सकिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारीका लागि अनुरोध गर्दछौ ।

| | |
|---|---|
| ........................................ | ........................................ |
| (विष्णु प्रसाद खनाल) | (मातृका आचार्य) |
| निर्वाचन आचार संहिता अनुगमन अधिकृत | निर्वाचन आचार संहिता अनुगमन अधिकृत |
| एवम् | एवम् |
| प्रमुख कोष नियन्त्रक, रुपन्देही । | सहायक प्रमुख जिल्ला अधिकारी, रुपन्देही । |

निर्वाचन आयोग, नेपाल

# निर्वाचन आचारसंहिता अनुगमन अधिकृत

## प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

रूपन्देही

आचारसंहिता उल्लंघनका गतिविधि विरुद्ध उजुरीका लागि सम्पर्क माध्यमहरु:

- निर्वाचन आयोग :- सहसचिव श्री निश्चलराज पाण्डे ९८५११९३६०७ ecn.coc@election.gov.np
- प्रदेश समन्वय तथा सम्पर्क सेल :- लुम्बिनी प्रदेश सह-सचिव श्री शशीधर घिमिरे, ९८५११४०००७ ghimshashi@gmail.com
- मुख्य निर्वाचन अधिकृत श्री अशोक कुमार वस्नेत (सम्पर्क नं. ९८४१३४८२९९) मुख्य निर्वाचन अधिकृतको कार्यालय, क्षेत्र नं. ३ रूपन्देही :- ०७१-५७३७१ chiefelectionofficerupandehi3@gmail.com
- निर्वाचन अधिकृत, श्री कपिल पौड्याल (सम्पर्क नं. ९८४१२६१५०१) निर्वाचन अधिकृतको कार्यालय, क्षेत्र नं. १, रुपन्देही ।
- निर्वाचन अधिकृत, श्री राजेन्द्र न्यौपाने (सम्पर्क नं. ९८५१३६२७८३) निर्वाचन अधिकृतको कार्यालय, क्षेत्र नं. २, रुपन्देही ।
- निर्वाचन अधिकृत, श्री टोप बहादुर बिष्ट (सम्पर्क नं. ९८४१३२१७५९) निर्वाचन अधिकृतको कार्यालय, क्षेत्र नं. ४, रुपन्देही
- निर्वाचन अधिकृत, श्री गोपीकृष्ण रेग्मी (सम्पर्क नं. ९८५११९६८९६) निर्वाचन अधिकृतको कार्यालय, क्षेत्र नं. ५, रुपन्देही
- निर्वाचन आचार संहिता अनुगमन अधिकृत श्री बिष्णु प्रसाद खनाल ९८५७०१६६९१ dtcorupandehi@gmail.com
- निर्वाचन आचार संहिता अनुगमन अधिकृत श्री मातृका आचार्य ९८५७०१८७७७ daorupandehi@gmail.com
- जिल्ला निर्वाचन कार्यालय, रुपन्देही :- सम्पर्क व्यक्ति श्री कल्पना अर्याल ९८५७०७३७१२ ec.deo.rupandehi@gmail.com

बोधार्थ:

श्री निर्वाचन आयोग, कान्तिपथ, काठमाण्डौ ।

श्री केन्द्रीय आचारसंहिता अनुगमन समिति, कान्तिपथ, काठमाण्डौ ।

श्री गृह मन्त्रालय, (निर्वाचन सेल) सिंहदरवार काठमाण्डौ ।

श्री जिल्ला आचारसंहिता अनुगमन समिति, रुपन्देही ।

श्री मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृतको कार्यालय, रुपन्देही । (आवश्यक सूचना सम्प्रेषण, जानकारी, कार्यान्वयन तथा अनुगमनका लागि)

श्री जिल्ला स्थित सम्पूर्ण सुरक्षा निकायका कार्यालयहरु, रुपन्देही । (तहाँ कार्यालय तथा मातहतका एकाइहरुमा सम्प्रेषण गरी प्रचार प्रसार, प्रभावकारी कार्यान्वयन र अनुगमनका लागि)